# भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

### सूचना १

नेपाल सरकार, मन्त्रिपरिषद्ले भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१, सो गठन आदेश बमोजिम गठन भएको भूमि समस्या समाधान आयोग र सबै जिल्लामा गठन भएका जिल्ला समितिहरू खारेज गर्ने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकार, मन्त्रिपरिषद्ले मालपोत ऐन, २०३४ को दफा २६क. र दफा २६ख. को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छः -

१. **घरजग्गा कारोबार गर्ने क्षेत्र** : हाल कायम रहेको देहाय बमोजिमको महानगरपालिका र उपमहानगरपालिका क्षेत्रभित्र

**महानगरपालिका क्षेत्र**

(क) काठमाडौं महानगरपालिका
(ख) ललितपुर महानगरपालिका
(ग) विराटनगर महानगरपालिका
(घ) विरगञ्ज महानगरपालिका
(ङ) भरतपुर महानगरपालिका
(च) पोखरा महानगरपालिका

**उपमहानगरपालिका क्षेत्र**

(क) धरान उपमहानगरपालिका
(ख) इटहरी उपमहानगरपालिका
(ग) जनकपुरधाम उपमहानगरपालिका
(घ) जीतपुरसिमरा उपमहानगरपालिका
(ङ) कलैया उपमहानगरपालिका
(च) हेटौडा उपमहानगरपालिका
(छ) बुटवल उपमहानगरपालिका
(ज) घोराही उपमहानगरपालिका
(झ) तुल्सीपुर उपमहानगरपालिका
(ञ) नेपालगञ्ज उपमहानगरपालिका
(ट) धनगढी उपमहानगरपालिका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **घरजग्गा कारोबार गर्ने क्षेत्रफल** : जतिसुकै।

३. **घर जग्गा कारोबारको सीमा** : एक पटकमा तीन करोड रुपैयाँभन्दा माथि।

४. **तोकिएको अधिकारी** : भूमि व्यवस्थापन तथा अभिलेख विभागको महानिर्देशक।

**आज्ञाले,**
**केदारनाथ शर्मा**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।